**नेपाल सरकार**
**अर्थ मन्त्रालयको**
**सूचना-१**

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री सत्यसाई केन्द्रीय ट्रष्ट, नेपालको लागि श्री सत्यसाई सोसल सर्भिसेज, सिंगापुरबाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ७६,२४४.५० (छयत्तर हजार दुई सय चवालीस, सेण्ट पचास) मूल्य बराबरको १६,६५० (सोह्र हजार छ सय पचास) थान कम्वल आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना-२**

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital Bhratpur, Chitwan को लागि Axios Healthcare Development, USA बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ३२,९२६.०० (बत्तीस हजार नौ सय छब्बीस) मूल्य बराबरको SUTENT औषधी आयात गर्दा भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना -३**

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Mennonite Central Committee, USA बाट नेपाल खीष्टिय राहत सेवा नामको संस्था मार्फत सप्तकोशी बाढीबाट पिडित व्यक्तिहरुको लागि प्रदान गरिने अमेरिकी डलर १४,१०५.०० (चौध हजार एक सय पाँच) मूल्य बराबरको राहत सामाग्रीहरु आयात गर्दा भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर लगायत अन्य कर शुल्क पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**प्रमोदकुमार कार्की**
**सह-सचिव**

१७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार